IT

पाँचथर जिल्ला अदालतबाट प्रकाशित

१५ दिने सूचना

(बिगो नं. २२, तहसिल शाखा)

पाँचथर जिल्ला अदालत पाँचथर

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/ वादी जिल्ला पाँचथर फिदिम नगरपालिका वडा नं. १ बस्ने धनवहादुरकी छोरी वर्ष ६५ की जनिमाया थापा प्रतिबादी जिल्ला पाँचथर साविक कुरुम्बा वडा नं. २ हाल ऐ. मिक्लाजुङ गा.पा. वडा नं. ५ बस्ने बुधबहादुर लावती भएको मु.नं. ०७४-CP-००१४८ को लेनदेन मुद्दामा यस अदालतबाट मिति २०७५/०४/२२ को फैसला बमोजिम वादीले प्रतिवादीबाट साँवा रु.८१,०००।- सो को लिखत भएको मिति देखि हुने कानून बमोजिमको ब्याज रु.६४,८८५।- र वादीले दाखिला गरेको अदालती शुल्क रु.३,३४७।- समेत भराई पाऊँ भनी वादीको मिति २०७६/१०/१९ मा दरखास्त परी कारबाहीक्रममा प्रतिवादीको नाममा १५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०७६/१२/०२ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०८०/०१/१४ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले मिति २०८०।०२।२९ गतेमा लिलाम हुने गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना तपसिलको जग्गामा-१, मिक्लाजुङ गा.पा. ५ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०८०/०२/२९ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य |
|---|---|---|---|---|---|---|---|
| १. | बुधबहादुर लावती | पाँचथर | कुरुम्बा | ४ग | १४२ | २-१५-०-० | रु.४५,०००।- (प्रति रोपनी) |

ईति सम्वत २०८० साल बैशाख २० गते रोज ४ शुभम्-------------------------------------------